CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेद

प्रामाणिक अनुवादको रूपरेखा

पूर्वार्धका केही नमुनाहरू

ॐ

सम्पादक :
डा. प्रसन्न चन्द्र गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकि विद्यापीठ पुस्तकालयलाई उपहार ।
नारायणप्र. पौडेल
२०६६-९-१४।
वेद. ४२६R
R-५५

ऋग्वेद
प्रामाणिक अनुवादको रूपरेखा
पूर्वार्धका केही नमुनाहरू

सम्पादकः डा. प्रसन्न चन्द्र गौतम

अनुवादकः तिलकप्रसाद लुइटेल
नारायणप्रसाद पौडेल
श्याममणि नेपाल (सुदर्शन)
माधव घिमिरे
भीमनाथ घिमिरे
प्रसन्न चन्द्र गौतम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University
पुस्तकालय
Acc. 9876/9876

प्रकाशक : कुलचन्द्र गौतम स्मृति संस्था, गैरीधारा, काठमाडौं।

प्रकाशन : मार्ग, २०६६

वितरण : रत्न पुस्तक भण्डार
बागबजार, काठमाडौं

सर्वाधिकार : यसको सम्पूर्ण सर्वाधिकार डा. प्रसन्न चन्द्र गौतमसँग छ। निजको स्वीकृतिविना यसको कुनै पनि भाग बिगार्न, अरू भाषामा उल्था गर्न, उद्धृत गर्न र छपाउन पाइनेछैन।

कम्प्युटर : रामसुन्दर हुमागाँई

मुद्रण : कञ्चन प्रिन्टिङ्ग प्रेस, बागबजार, काठमाडौं।

मूल्य : रू. ३९९/- £ 10.00 (postage included)

ISBN No. : 978-9937-2-1931-0

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद· ६२६ R.

समर्पण

R. ५५

प्रातःस्मरणीय श्रद्धेय विद्वच्छिरोमणि साहित्यमणि साहित्याचार्य महाकवि गुरु पं. श्री कुलचन्द्र गौतमको एकाउन्नौं पुण्यतिथिमा हार्दिक समर्पण।

◆◆◆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

R-५५

विषय सूची

	पेज नं.
हाम्रो परिचय	क–ख
भूमिका	ग–घ
रूपरेखा	ङ–द
नेपाली अनुवादित खण्ड	१–६५
परिशिष्ट	६६–६९
English Section	
Introduction	i-v
Translation	1-86
Appendix	87-88

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो परिचय

साहित्यशास्त्री, एम्.ए., बी.एड्.; शिक्षण/प्राध्यापन (२५ वर्ष); चार वेदलगायत संस्कृतका विविध महत्त्वपूर्ण ग्रन्थहरूको र अन्य भाषाका ग्रन्थहरूको अनुवाद; विविध पुस्तकको लेखन, सम्पादन र समीक्षा; १८ प्रकाशित कृतिहरू।

तिलकप्रसाद लुइटेल
कपन–१, काठमाडौँ



उपप्राध्यापक नेपाल–संस्कृत–विश्वविद्यालय, नव्यव्याकरणाचार्य, महेन्द्रविद्याभूषण (पदक प्राप्त) गत ११ वर्षदेखि प्राध्यापनरत स्नातकोत्तर स्तरसम्म।

नारायणप्रसाद पौडेल
गैंडाकोट–१, नवलपरासी

न्यायदर्शनाचार्य (स्वर्ण पदक); सर्वदर्शनाचार्य (प्रथम); प्राच्यदर्शनेषु न्यायवैशेषिकयोः स्थानम् (शोधकार्य); न्यायसिद्धान्तमुक्तावली (अनुमान खण्डको संस्कृत–नेपाली व्याख्या) सम्पादन; कुलपति पदक, पण्डितराज सोमनाथ सिग्द्याल पुरस्कार; अम्बिकालोक पुरस्कार।

श्याममणि नेपाल (सुदर्शन)
शनिश्चरे–५, मोरङ

न्यायदर्शनाचार्य (स्वर्णपदक); न्यायवैशेषिकदर्शनाभिमतात्मतत्त्वपरिशीलनम् (शोधकार्य); संस्कृत/नेपाली शिक्षण (हिन्दु विद्यापीठ थली, काठमाडौँ); विभिन्न गुरुकुलहरूमा संस्कृत शिक्षण।

माधव घिमिरे
टंकिसिनुवारी–३, विराटनगर, मोरङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एल.एल.वी., अधिवक्ता सर्वोच्च अदालत, नेपाल, २०३८ वि.सं.; महाकवि देवकोटा वृत्तचित्र, महाकवि देवकोटाकै तुषार वर्णन काव्यको सम्पादन, रामहरि शर्मा नेपालको जीवनी, सत्यनारायण कथा र आधार विनाको जिन्दगीलगायत पुस्तकहरूको नेपालीबाट अङ्ग्रेजीमा अनुवाद प्रकाशित; कानुनी सल्लाहकारः (सन् १९८५–९०) डेनमार्क, स्विडेन, फिनडल्यान्ड ।

भीमनाथ घिमिरे
भलायखर्क–५, लमजुङ

रामसुन्दर हुमागाईं
कुशादेवी–६, काभ्रेपलाञ्चोक

समाजशास्त्र तथा मानवशास्त्रमा स्नातक; पत्रपत्रिकामा स्तम्भ लेखन; एकदशकदेखि नेपाली, संस्कृत, नेवारी र अङ्ग्रेजी भाषामा पुस्तक तथा पत्रपत्रिका प्रकाशनमा संलग्न रही कम्प्युटरसम्बन्धी कार्य गरेको अनुभव ।

एम.वी.वी.एस; एफ.आर.सी.पी.ई., वरिष्ठ चिकित्सक तथा मुटुरोग र वृद्धावस्थाको विशेषज्ञ; एवरडिन विश्वविद्यालय स्कटल्यान्डमा प्राध्यापन तथा अस्पतालमा विभागीय प्रमुख; नेपाली र अङ्ग्रेजीमा गरी ४५ शोधपत्र, पाठ्यपुस्तक, आत्मसंस्मरण, उपन्यास र विविध प्राविधिक प्रकाशन । हाल स्वाध्याय (सेवानिवृत्त) ।



प्रसन्न चन्द्र गौतम
एवरडिन, स्कटल्यान्ड, यू.के.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

ऋग्वेदको प्रामाणिक र आधिकारिक भाष्य, अनुवाद अथवा विस्तृत विश्लेषण कुनै पनि भाषामा उपलब्ध भएको छैन। हो, विभिन्न विद्वान्हरूले विभिन्न भाषामा, यसको भावानुवाद गरेर आआफ्नो विद्वत्ता देखाएका छन्। तिनमा अवशिष्ट आग्रह र पूर्वाग्रहको कारण वैज्ञानिक ढङ्गले अनुसन्धान गर्न धेरै नै गाह्रो परेको छ। अतः वेदको वास्तविक अर्थ प्रकाश गर्नका लागि यो प्रयास गरिएको हो।

ऋग्वेदलाई कसैले अष्टकको क्रममा र कसैले मण्डलको क्रममा प्रस्तुत गरेका छन् भने कसैले अष्टक र मण्डल दुवै क्रम राखेका छन्। वर्तमान लेखन मण्डलक्रमअनुसार छ। परिच्छेदका रूपमा मण्डलसङ्ख्या राखेपछि शीर्षकको रूपमा सूक्तसङ्ख्या राखिएको छ। त्यसपछि वेदको मूल कथन अर्थात् मन्त्रलाई क्रमिक सङ्ख्याका आधारमा राखिएको छ। ती मन्त्रहरूलाई पदपाठ गरेर दोस्रो अनुच्छेदमा राखिएको छ। त्यसपछि उपशीर्षकअन्तर्गत अन्वित पद र अर्थ गरिएको छ। शब्दको अर्थ खुट्याउँदै पूर्ण गरिएका वाक्यात्मक लेखनलाई सामान्य अर्थ भन्ने अर्को उपशीर्षक दिएर नेपाली वाक्यगठन गरिएको छ। यसमा पनि विविध खालका नेपाली वर्णविन्यासका धारहरूको खिचोलामा नपरीकन र कसैप्रति दुराग्रही नबनीकन चलनचल्तीमध्येकै वर्णविन्यासलाई एकरूपतापूर्वक यस पुस्तकभरि प्रयोग गरिएको छ।

कुनै शब्द पनि नछुटाईकन वाक्यमा व्याकरणिक विधानअनुसार समावेश गर्ने प्रयास रहेको छ। यसरी कुनै शब्द नछोडीकन अर्थ खोज्नु यस पुस्तकको विशेषता हो। यसै विशेषताका कारण यो ग्रन्थ आधिकारिक छ, अन्वेषणात्मक छ र प्रामाणिक छ। लेखनमा भाष्य गर्नेतर्फ नलागी यथासम्भव मूल ग्रन्थमा भएका शब्द सङ्ख्याकै सीमामा रही तथ्यपरक अर्थ लेख्ने प्रयास गरिएको छ। कठिन विषयलाई नै पनि सामान्य अर्थमा सकेसम्म नीरस वा क्लिष्ट नहोस् भन्ने पक्षमा सजग हुने प्रयास गरिएको छ। यस पुस्तकको यो अर्को एउटा विशेषता हो।

अन्त्यमा मन्त्र, पदपाठ, अन्वित पद र अर्थ एवं सामान्य अर्थ यी सबैको अध्ययनबाट सार खिचेर अथवा सन्देश ग्रहण गरेर उक्त मन्त्रको केन्द्रीय कथ्यलाई वेदार्थ भन्ने उपशीर्षक दिई लेखिएको छ।

समग्रमा यस पुस्तकलाई वेदविद्यामा पारङ्गतहरूका लागि मन्त्र र पदपाठ, जिज्ञासु अर्थान्वेषीका लागि अन्वित पद र अर्थ, संस्कृतको जानकारी नभएका तर के रहेछ भनी जान्न खोज्नेका लागि सामान्य अर्थ र झलक्क हेर्न खोज्नेका लागि वेदार्थ गरी विविध खालका पाठ एवं पाठ्यसामग्री सङ्कलित छन्। वेदको शाश्वत ज्ञान यसरी सबैलाई उपलब्ध गराउने प्रयास यसमा गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संहिताबाट सोझै नेपाली र अङ्ग्रेजीमा एकैचोटि अनुवाद गरिएको छ । त्यसले गर्दा यो प्रयास नेपालमा मात्रै सीमित नभई विश्वभरि नै प्राप्त हुन सक्ला भन्ने आशा राखिएको छ । वेदमन्त्रका रहस्यलाई व्याकरणरूपी साँचोले खोलेर संस्कृतमा अन्वय गरी वाक्यविन्यास गरिएको हुँदा कुनै पूर्वाग्रहको स्थान रहन नसक्ने कार्यपद्धति अपनाइएको छ ।

यो योजना २०६६ वैशाख २ गतेबाट सुरु गरिएको हो । यो सानो प्रस्तुतिमा यस कार्यको रूपरेखा, उद्देश्य, कार्यपद्धति र केही उदाहरणहरू छन् जसबाट पाठकवर्गलाई आफ्नो धारणा बनाउन सहयोग मिल्ने अपेक्षा गरिएको छ । हालसम्ममा पाँच हजार मन्त्रहरूको प्रामाणिक अनुवाद गरिसकिएको छ र बाँकी सम्पूर्ण मन्त्रहरूको अनुवाद यसै वर्षभित्र यसै तरिकाले सकी आगामी वर्षको सुरुमै करिब ३००० पानाका बृहत् पुस्तकाकारमा छपाई सर्वत्र उपलब्ध गराउने योजना छ ।

यस कार्यको लागि अनुमति दिनुभएको म कुलचन्द्र गौतम स्मृति संस्था परिवारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । हौसला बढाई यस्तो बृहत् काममा अगाडि बढ भनी प्रेरणा दिने आमा तथा यस संस्थाका संरक्षिका श्रीमती सुभद्रा गौतम तथा धर्मपत्नी लीला गौतमप्रति आफ्नो कृतज्ञता ज्ञापन नगरी रहन सक्तिनँ । मेरा सहयोगी तिलकप्रसाद लुइटेल, नारायण प्रसाद पौडेल, सुदर्शन नेपाल, माधव घिमिरे, भीमनाथ घिमिरे र रामसुन्दर हुमागाईंको प्रयास र लगनशीलताबाट यो कार्य भइरहेको हुँदा उहाँहरूप्रति तथा आफ्नो समस्त समय यही कार्यमा लगाइरहँदा पनि पूरा सहयोग दिइरहेका उहाँहरूका परिवारप्रति पनि मेरो मुरीमुरी धन्यवाद छ ।

मेरी आराध्य देवी सरस्वीको कृपाबाट आर्जन गरिएका ज्ञान, विद्या, विवेक, बुद्धि र सम्पत्ति यसै कार्यमा समर्पण गर्न पाएकोमा कृतज्ञ हुँदै कतैबाट कसैसँग आर्थिक सहायता लिनु नपरेकोमा उनीप्रति नै यसको समस्त फल समर्पण गर्दछु ।

'वेदका विद्वान्' भन्नुको अर्थ शाश्वत ज्ञानी भन्नु हो । कुनै एक व्यक्तिले वेदको मर्म बुझेर सही व्याख्या गर्न त दैवीकृपाले आत्मज्ञानी नै भइसकेको हुनुपर्दछ । कुनै पनि मानिसले जीवनभर वेदको अध्ययन गर्दा पनि सबै पक्षको अर्थ लगाउन र सबै कोणबाट विश्लेषण गर्न सक्दैन भन्ने मेरो धारणा छ । त्यस कारण, वैज्ञानिक, धार्मिक, दार्शनिक, व्याकरणिक र अन्य विविध पक्षबाट अन्वेषण, विश्लेषण र विवेचना गरेर सामुहिक रूपमा सर्वसम्पतिबाट मात्रै वेदको यथार्थ ज्ञान उपलब्ध हुन सक्छ भन्ने वास्तविकतालाई आत्मसात्‌गरी सिङ्गो संसारको प्राचीनतम निधि विश्व मानवसमुदायलाई सहजै प्राप्त गराउने हाम्रो यो प्रयास हाम्रा निम्ति एउटा महायज्ञ नै हो । यस महायज्ञमा हाम्रा वरिपरि अनन्त ज्ञानले समृद्ध, अनुभवले सिद्ध, कलाले परिपक्व विद्वान् र विदुषीहरूको पङ्क्ति जताततै छ । यस कार्यलाई गहन रूपले अवलोकन गरिदिनुभई सुझाव मन्तव्य दिनुहुन उहाँहरूलाई अनुरोध गरिन्छ ।

मार्ग, २०६६ — प्रसन्न चन्द्र गौतम

काठमाडौं ।
टेलिफोन नं. ०१–४०३८५३६
E-mail: tangal@btinternet.com

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपरेखा

१. उद्देश्य तथा सान्दर्भिकता

विश्व ज्ञानराशिमध्ये प्राचीनतम ग्रन्थका रूपमा ऋग्वेद परिचित छ । अग्निको उत्पत्ति र खोजको इतिहास नै यसको प्राचीनताको उदाहरण हो । यसमा अत्यन्त आधुनिक संसारले प्राप्त गर्न नसकेका सम्भाव्यताको कल्पना छ । त्यसैले यो ग्रन्थ देश र कालको सीमाभन्दा बाहिर छ । ऋग्वेदलाई समग्र ज्ञानको स्रोत मान्न सकिन्छ ।

जान्नुपर्ने कुरा के छ भने ज्ञान र सूचना फरकफरक हुन् । आजको युगमा प्रायः मानिसले आफूले पाएको अधिकतम सूचनालाई नै ज्ञान भन्दछन् तर सामान्य जानकारीमा आएको विषय सूचना मात्र हो, ज्ञान होइन । ज्ञान त त्यो हो जसको प्राप्तिबाट मानवको जीवन र जगत्लाई हेर्ने दृष्टिकोण नै परिवर्तित हुन्छ । वेदमा त्यस प्रकारको ज्ञानको भण्डार छ जसले मानव जीवन मात्र नभई सम्पूर्ण प्राणीहरूको र प्रकृतिको पनि सारतत्त्वलाई समेटेको छ ।

ऋग्वेद उदाहरणहरूको एउटा सङ्ग्रह हो । यसमा दृष्यन्तहरूको प्राचुर्य छ । अग्निको उत्पत्ति, चारकिल्लामा सुरक्षित दरबार वा सहरहरू अथवा घरहरूको कुरो, सम्पत्तिको चोरीडकैती, लुटिएको वा चोरिएको सम्पत्ति फिर्ता गराउनका लागि गरिएको कुकुरको प्रयोग, जुवाले पारेको बर्बादी, अनिकाल, असुरक्षा, रोग-शोकबाट मुक्ति पाउनका लागि गरिएका आलाप-विलापहरू, प्राणसङ्कट आइलाग्दा जोगिनका लागि गरिएका हारगुहार, भक्ष-अभक्षको सेवन गर्नुपर्ने बाध्यता, पर्वत-पहाडका कुनाकन्दरा वा टाकुरामा पुगेर अन्नपानीको खोजी गर्ने काम, औषधि, बोट-वनस्पतिबाट मात लाग्ने तत्त्व पत्ता लगाएर सेवन गरी अनेकौँ उपद्रो मच्चाइएका, क्रेता र विक्रेताबीच भएको विवाद, घुसपेस, न्याय-निसाफ, अंशबन्डा, आदि प्रत्येक किसिमका सामाजिक व्यवहार र विकृति, यौनेच्छा, नाचगानजस्ता सामाजिक व्यवहारका धेरै कुराहरू वेदमा छन् । पाठकले उत्साहित भएर खोज्दै जाँदा जासुसले प्रलोभनमा पारेर गोप्यता फुत्काएको चलाखीसम्म यस ग्रन्थमा छ। साथै, आधुनिक विज्ञानले स्वीकार गरेको रङ्गहरू संयोजन, आगो र पानीका सम्बन्ध, रोग र उपचार, बोलीको महत्त्व, विविध पेसाका विशेषतासम्म वर्णित भएका पाइन्छन् तथा ध्वनिको उत्पत्ति, अन्तरिक्षको विवेचना, सौर्य मण्डलहरूका गति र गठन, ब्रह्माण्डको उत्पत्ति आदि पनि हजारौँ वर्ष पहिले गरिएका अनुमान र दिग्दर्शनबाट प्रभावित नभइरहन सकिन्न । यिनलाई बोध गर्ने वा खोज गरी यिनको ऐतिहासिक तथ्यलाई स्थापित गर्ने काम अर्को पक्षको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वको यस्तो अनौठो ग्रन्थ आजसम्म कालक्रमिक रूपमा सबै कोणबाट खोजअनुसन्धान भएको पाइँदैन । विभिन्न ऋषिहरूले एकै खालको इतिहास दोहोऱ्याउँदै वर्णन गरेको र तिनै इतिहासभित्र आआफ्नो दृष्टिकोण, आवश्यकता र अनुभव व्यक्त गरेको अनौठो पक्ष यसमा छ । त्यस किसिमका अभिव्यक्ति समय र वक्ता फरक पर्दै आउँदा तत्कालीन समाजमा आएको परिवर्तनलाई प्रकट गर्ने किसिमले आउँछन् । त्यसै कारण प्रत्येक अभिव्यक्तिमा समाजको रूप कति र कुन किसिमले परिवर्तन भयो भन्ने अनुसन्धान गर्ने आधार फेला पार्न सकिन्छ ।

समयका विविध स्वरूपमध्ये उषाको वर्णन गर्दा उषालाई सबै वक्ताले रमणीय रमणीका रूपमा प्रस्तुत गरेका छन् । सूर्यसँग उषाको सम्बन्ध विविध प्रकारको रहेको विविध ऋषिहरूले व्यक्त गरेका छन् । यी सबै पक्षको खोज समाजको आवश्यकता हो । त्यसो हुँदा समाजमा हुने सबै खालका आवश्यकता, सबै खालका व्यवहार, सबै खालका कर्म, सबै खालका कुकर्म, सबै खालका दुःख, सबै खालका सुखको अध्ययन यस ग्रन्थमा छ ।

हजारौं वर्ष पहिले रचना गरिएको हुनाले यसमा भएका निर्देशन, इतिहास, दर्शन र प्रार्थना इत्यादि बुझ्न कठिन छन् । हालसम्म प्राप्त ब्राह्मण, आरण्यक र उपनिषद्हरूबाट पनि स्पष्ट र सबैलाई स्वीकार योग्य वेदको अर्थ आउन सकेको छैन । स्वाध्यायका अधिकारी वा अनधिकारी, वेद पौरुषेय वा अपौरुषेय इत्यादि परम्पराले पनि यस्तो शाश्वत ज्ञान ओझेलमा परेको छ । अध्ययनमा बाधासमेत पुगेको छ ।

अक्सफोर्ड विश्वविद्यालयमा संस्कृतको विभाग सन् १८३० तिर खोलियो र त्यसका प्रथम विभागीय प्रमुख र संस्कृतका धुरन्धर विद्वान् प्रा. विल्सनले ऋग्वेदको अङ्ग्रेजीमा भावानुवाद गरेर पाश्चात्य जगत्मा ऋग्वेदको परिचय गराए । तर अफसोस, उनले मौलिकता देखाउनुको सट्टा सायणको भाष्यमा आफ्नो सम्पूर्ण विद्वत्ता विसर्जन गरेको देखिन्छ । यसको फलस्वरूप यो अङ्ग्रेजी अनुवादमा वेद भनेको हिन्दुहरूको कर्मकाण्ड बारेको पुस्तक हो; त्यसमा नरबलि, अश्वबलि, गोमांस सेवन, मदिरा सेवन इत्यादिको वर्णन पाइन्छ भन्ने भ्रम फैलिएको छ । सायणको संयोजकत्वमा तयार गरिएको ऋग्वेदको भाष्यलाई पनि पछिका विद्वान्हरूद्वारा खण्डन गरिएको छ तर कसैले पनि आधिकारिक र प्रामाणिक के हो त भन्ने ठोस रचना पेस गर्न सकेको छैन । कर्मकाण्डतर्फ बढी झुकाव देखिए तापनि सायणको भाष्यजति समायोजित र बृहत् रचना अरू कसैबाट हुन सकेको छैन र सराहना गर्दै हामी सबैले उहाँप्रति आफ्नो कृतज्ञता व्यक्त गर्नैपर्दछ ।

२. वेदको स्वरूप

वेद विभिन्न समयमा विभिन्न ऋषिहरूले साक्षात्कार गरेका मन्त्रहरूको सङ्ग्रह हो । जसको विभाजन महर्षि वेदव्यासले गरेका हुन् । वेदव्यासले मुख्य रूपमा वेदलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋक्, यजुः, साम तथा अथर्व गरी ४ भागमा विभाजन गरे । मन्त्र सङ्ख्याका दृष्टिले ऋग्वेद सबैभन्दा ठूलो, त्यसपछि क्रमशः अथर्ववेद, यजुर्वेद एवं सामवेद आउँछन् । यी चारै प्रकारका वेदका अनेकौँ शाखाहरू थिए भन्ने कुरा व्याकरण महाभाष्यमा महर्षि पतञ्जलिले लेखेका छन् । उनका अनुसार ऋग्वेदका २१, यजुर्वेदका (कृष्ण–८६, शुक्ल १५) १०१, सामवेदका १००० एवं अथर्ववेदका ९ शाखा गरी जम्मा ११३१ शाखाहरू छन् । तर समयको गतिसँगै अधिकांश शाखाहरू लोप भए र वर्तमानमा केही मात्र उपलब्ध छन् । ऋग्वेदका २१ शाखाहरूमध्ये पूर्ण रूपमा 'शाकल' शाखा मात्र उपलब्ध छ । शुक्ल यजुर्वेदका १५ शाखाहरूमध्ये माध्यन्दिनी तथा काण्व गरी जम्मा दुई शाखाहरू मात्र उपलब्ध छन् । कृष्ण यजुर्वेदका ८६ शाखाहरूमध्ये तैत्तिरीय, मैत्रायणी, कठक तथा कठकपिष्ठल यी चार शाखाहरू उपलब्ध छन् । सामवेदका १००० शाखाहरूमध्ये कौथुम, जैमिनीय तथा राणायनीय यी तीन शाखाहरू मात्र उपलब्ध छन् । अथर्ववेदका ९ शाखाहरूमध्ये शौनकीय र पैप्पलाद यी दुई शाखाहरू मात्र उपलब्ध छन् । ऋग्वेदको शाकल शाखा, यजुर्वेदको माध्यन्दिनी शाखा, सामवेदको कौथुम शाखा र अथर्ववेदको शौनकीय शाखालाई मूल–मूल शाखाको रूपमा मानिएको पाइन्छ । त्यसै गरी वेदलाई संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् गरी ४ भागमा विभाजन गरिएको छ ।

संहिता

संहिता वेदको मूल स्वरूप हो । चारैवटा वेदहरूमा आआफ्ना संहिताहरू छन् । सायणको भाष्यमा छापिएको मन्त्र र शाकल्यको पदपाठ सजिलै सँग उपलब्ध हुने हुँदा धेरै भाष्यहरू यसैमा आधारित छन् ।

ब्राह्मण

संहितामा प्रयोग भएका यज्ञसँग सम्बन्धित मन्त्रहरूको व्याख्या नै 'ब्राह्मण' हो । ऋग्वेदका ऐतरेय एवं कौषीतकि दुई ब्राह्मण ग्रन्थ प्रसिद्ध छन् ।

यजुर्वेदका– शतपथ तथा तैत्तिरीय दुई ब्राह्मण ग्रन्थ प्रसिद्ध छन् ।

सामवेदका– ताण्ड्य अथवा पञ्चविंश र षड्विंश ब्राह्मण गरी दुई ब्राह्मण ग्रन्थ प्रसिद्ध छन् ।

अथर्ववेदको– 'गोपथ ब्राह्मण' एउटा मात्र ब्राह्मण ग्रन्थ छ ।

आरण्यक

गाउँ वा सहरभन्दा टाढा अरण्य अर्थात् जङ्गलमा अध्ययन अध्यापन हुने वेदका ग्रन्थलाई आरण्यक भनिन्छ । आरण्यक ग्रन्थहरूमा विशेषतः मानवजीवनका रहस्यहरूको वर्णन भएको हुनाले यसलाई रहस्य ब्राह्मण पनि भनिन्छ । ऋग्वेदका ऐतरेयारण्यक, शाङ्खायन तथा कौषितकि यी तीन आरण्यक प्रसिद्ध छन् । यजुर्वेदको प्रसिद्ध आरण्यक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थ "बृहदारण्यक" हो । तर यसमा उपनिषद्का विषय धेरै भएको हुनाले यसलाई उपनिषद्कै रूपमा गणना गरिएको छ । त्यस्तै अर्को तैत्तिरीय आरण्यक पनि यजुर्वेदको प्रसिद्ध आरण्यक ग्रन्थ हो । त्यस्तै मैत्रायणी शाखाको पनि एउटा आरण्यक छ जो 'मैत्रायण्युपनिषद्' नामले प्रसिद्ध छ ।

सामवेदको तलवकार नामको आरण्यक ग्रन्थ छ, जसलाई 'जैमिनीयोपनिषद्ब्राह्मण' पनि भनिन्छ । अथर्ववेदको कुनै आरण्यक छैन ।

उपनिषद्

सम्पूर्ण वेदसँग सम्बन्धित ज्ञान र दर्शनका विषयवस्तुहरू समेटिएको, वेदको कान्छो स्वरूप नै उपनिषद् हो । उपनिषद्को सङ्ख्या यति नै छ भनेर निश्चित गर्न सकिँदैन तापनि ११ वटा उपनिषद्लाई मुख्य रूपमा लिइन्छ । ती हुन्–

(१) ईशावास्य, (२) कठ, (३) केन, (४) मुण्डक, (५) माण्डूक्य, (६) तैत्तिरीय, (७) ऐत्तिरीय, (८) छान्दोग्य, (९) बृहदारण्यक, (१०) प्रश्न, (११) श्वेताश्वेतर ।

यीबाहेक अन्य धेरै उपनिषद्हरू उपलब्ध छन् । कसैका मतमा यिनीहरूको सङ्ख्या २००० भन्दा बढी छ भने कसैले १०८ मात्र प्रामाणिक उपनिषद् मानेका छन् ।

वेदको उत्पत्ति

वेदको उत्पत्ति कहिले भयो ? यस विषयमा आजसम्म कुनै पनि प्रामाणिक उत्तर आएको छैन र हामी यसो पनि भन्न सक्छौँ कि जबसम्म वेद रहन्छ तबसम्म यो विषय रहस्यमय नै रहनेछ । वेदको उत्पत्तिकालका विषयमा धेरै देशका धेरै अनुसन्धाता विद्वान्हरूले ऐतिहासिक अन्वेषण गरेका छन् र अझै पनि सो क्रम जारी छ । प्रस्तुत कार्यको लक्ष्य ऋग्वेदको यथार्थ अनुवाद गर्नु मात्र भएकोले ऐतिहासिक स्थितिको अनुसन्धान गर्ने जिम्मा जिज्ञासुहरूलाई नै सुम्पन्छौँ ।

भाष्य तथा भाष्यकार

ऋग्वेदको विभिन्न समयमा विभिन्न विद्वान्हरूले, भाष्य, टीका वा अनुवाद गरेका छन् । जसमध्ये यास्कको नाम सबैभन्दा पहिले आउँछ । उनले ऋग्वेदका प्रायः १० प्रतिशत मात्र मन्त्रहरूको व्याख्या गरेको पाइन्छ । त्यसपछि मध्यकालमा स्कन्दस्वामी, उद्गीथ, वेङ्कटमाधव, आत्मानन्द, आनन्दतीर्थ आदि भाष्यकारहरूले वेदको अर्थ प्रकाशका लागि गरेका प्रयत्न इतिहासमा पाइन्छ तर यी भाष्यकारहरूमध्ये वेङ्कटमाधवको भाष्य मात्र पूर्ण रूपमा उपलब्ध छ ।

ऋग्वेदको मात्र नभई समग्र वेदको, यसका शाखाहरूको भाष्य गरेर सायणले वैदिक साहित्यमा ठूलो गुन लगाएका छन् । उनले कुल मिलाएर १८ वटा वैदिक ग्रन्थमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाष्य लेखेको कुरा उपलब्ध छ । तर सायणले सम्पूर्ण मन्त्रहरूको व्याख्या जसरी भए पनि यज्ञपरक नै गरेको हुनाले उनको आलोचना पनि भइरहन्छ । जे भए पनि सायणले गरेको योगदानविना वेद आजको अवस्थासम्म पनि रहने थिएन । अतः आधुनिक समयमा सायण नै वेदका प्रमुख भाष्यकार हुन् ।

सायणकै भाष्यलाई आधार मानेर पाश्चात्य विद्वान्हरू विल्सन, ग्रिफिथ, म्याक्समुलर, ल्याङ लोइस इत्यादिले पनि अङ्ग्रेजी आदि विभिन्न भाषामा ऋग्वेदको अनुवाद गरेका छन् । त्यसपछि महर्षि दयानन्द सरस्वतीले सायण भाष्यको खण्डन गर्दै ऋग्वेदको ७ औँ मण्डलसम्मको व्याख्या छुट्टै शैलीमा गरेका छन् । अरविन्दले पाँचौँ मण्डलसम्म अङ्ग्रेजीमा अनुवाद गर्न सकेका थिए ।

त्यस्तै कपाली शास्त्री, दामोदर सातवलेकर, डा. जियालाल कम्बोजिया, पं. शिवनाथ आहिताग्नि–शङ्करदत्त शास्त्री आदिले पनि ऋग्वेदको व्याख्या आआफ्नै ढङ्गले गरेका छन् । साथै वेदमूर्ति तपोनिष्ठ श्रीराम शर्मा आचार्य, वेदान्तशास्त्री आदि केही भारतीय विद्वान्हरूले हिन्दीमा तथा तिलकप्रसाद लुइटेलले नेपालीमा पनि ऋग्वेदको भावानुवाद गरेका छन् । तर सबै विद्वान्हरूले जेजति व्याख्या गरे पनि क्रमिक रूपमा शब्दहरूको अन्वय, प्रत्येक शब्दको अर्थ तथा वास्तविक अर्थ यथार्थ रूपमा लेखेको कतै पाइँदैन । लौकिक संस्कृत र वैदिक संस्कृतका व्याकरणमा धेरै भिन्नता भएको र वेदमा इतिहास, दर्शन, प्रार्थना र उपदेश भएको हुनाले कुनै एक विद्वान्ले समग्र विषयमा आधिकारिक अनुवाद गर्नु सम्भव पनि छैन । हालसम्म प्राप्त सबै भाष्यहरू तथा अनुवादहरू यसै कारणले सम्पूर्णता लिएर निस्कन सकेका छैनन् । यी सबैमा वेदको सत्यताभन्दा स्वयं वहाँहरूमा भएका विद्वत्ताको बोध बढी हुन्छ ।

अतः हामीले प्रस्तुत अनुवादमा ५ भाग गरी मन्त्र, पदपाठ, अन्वित पद र अर्थ, सामान्यार्थ एवं वेदार्थका रूपमा सबैका लागि सुगम र प्रामाणिक अनुवाद गर्ने प्रयत्न गरेका छौँ ।

पौरुषेय–अपौरुषेय

वेद कुनै व्यक्ति विशेषद्वारा रचित हो अथवा अनादि हो भन्ने विषय पनि विवादित नै छ । कतिपय पूर्वीय विद्वान्हरू श्रद्धाका आधारमा वेदलाई अनादि एवं अपौरुषेय मान्छन् भने कतिपय विद्वान्हरू यसलाई ईश्वरद्वारा रचित अर्थात् 'देववाणी' मान्दछन् । अझै केही आधुनिक पूर्वीय एवं पाश्चात्य विद्वान्हरूले त जसरी पनि वेदलाई पौरुषेय सिद्ध गर्नुपर्छ भन्ने पूर्वाग्रह राखी अनुसन्धान गरेको पाइन्छ । तर यथार्थ के हो भने ज्ञान आफैँमा कहिल्यै पनि पौरुषेय हुँदैन । किनकि ज्ञान भनेको नै शाश्वत सत्य हो र सत्य कसैद्वारा निर्मित हुँदैन, ऊ आफैँमा सत्य नै हुन्छ । अतः वेदलाई ज्ञानका दृष्टिले हेर्ने हो भने वेद (ज्ञान) अपौरुषेय नै हो तर एउटा साहित्यिक ग्रन्थ, जसमा छन्दोबद्ध मन्त्रहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् र ती मन्त्रहरू कसैका मुखद्वारा निस्किएका हुन् भनेर ऋषिको नामसमेत तोकिएको छ भने त्यस मन्त्रमा रहेका अक्षर, पद, वाक्य तथा सम्पूर्ण मन्त्र नै पौरुषेय हुन् भन्न सकिन्छ । अतः वेद पौरुषेय वा अपौरुषेय भनी विवाद गरिरहनुभन्दा वेदले संसारलाई कुन प्रकारले मार्ग निर्देशन गरेको छ भन्ने अध्ययन गर्नु नै बुद्धिमत्तापूर्ण कार्य हुन्छ । त्यस कारण प्रस्तुत अनुवादकार्यमा हामी वेद पौरुषेय अथवा अपौरुषेय केही पनि नभनी यसको अध्ययन गर्नुहुन पाठक वर्गलाई अनुरोध गर्दछौँ र अध्ययनपश्चात् अध्येता स्वयंले त्यसको निश्चय गर्नुहुने आशा राख्तछौँ ।

आधारभूमि

कुन देशमा अथवा कुन क्षेत्रमा वेदको उत्पत्ति भयो भन्ने विषय पनि विवादित नै रहेको छ । वेदमा वर्णित पहाड तथा नदीहरूका नाम, जात-जाति, कला-संस्कृति आदिलाई आधार मानेर विद्वान्हरूले आ-आफ्नै तर्कद्वारा आआफ्नो अनुकूलको स्थानलाई वेदको आधारभूमि मान्दै आएको पाइन्छ । वर्णविन्यास, भाषा तथा रचनाका आधारले यसको आरम्भ आजको भौगोलिक मानचित्रअनुसार एसिया महादेश नै हो भन्ने आधारहरू भए तापनि एसियाभित्र आजको कुनै देश वा ठाउँ मात्र हो भन्न सकिने अवस्था छैन । जसरी सूर्यको वा आकाशको कुनै भौगोलिक सिमाना हुँदैन त्यस्तै ज्ञानको पनि कुनै भौगोलिक सिमाना हुँदैन भन्ने विचार गरी वेदको अध्ययन गर्नु नै उपयुक्त हुन्छ । अतः यस विषयमा पनि स्वविवेकले विचार गर्न पाठकवर्गलाई नै जिम्मा दिइन्छ ।

देवता

'या स्तूयते सा देवता, येन स्तूयते स स्तोता' अर्थात् 'जो स्तुति गरिन्छ ऊ देवता र जसद्वारा स्तुति गरिन्छ ऊ स्तोता हुन्छ ।' यस व्युत्पत्तिअनुसार वेदमा अनेकौँ देवताको स्तुति गरिएको छ र देवताबाट केही न केही फलको माग पनि गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने जसले खराब प्रवृत्तिको नाश, असल प्रवृत्तिको वृद्धि एवं अभीष्ट फलको आकाङ्क्षालाई पूर्ण गर्दछ उही नै वेदको देवता हो । हाम्रो धर्मसंस्कृतिले परम्परागत रूपमा मानिआएका अग्नि, इन्द्र, वायु, वरुण, सूर्य, आश्विनीकुमार, पृथ्वी, द्युलोक, आदि प्रसिद्ध देवताबाहेक यहाँ ओखल-मुसली, खेतका मालिक, हलो जोतेको सियो, फाली, पहाड, ढुङ्गा, चरा, जनावर, आदि सजीव तथा निर्जीव वस्तुहरूको पनि स्तुति गरिएको हुनाले ती सबै वेदमा वर्णित देवताहरूभित्र परेका छन् । अतः निष्कर्षमा के भन्न सकिन्छ भने, सद्विचार, सत्कर्म र सन्मार्गका पालक तथा प्रेरक जो कोही वा जे केही पनि देवता हुन सक्छन् । प्रस्तुत अनुवादमा पनि परम्पराकै आधारमा प्रत्येक मन्त्रका देवताको निर्धारण गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषि

'ऋषयो मन्त्रद्रष्टारः' अर्थात् मन्त्रद्रष्टाहरू नै ऋषिहरू हुन् । यस व्युत्पत्तिका आधारमा वेदमन्त्रका द्रष्टालाई नै ऋषि भनिन्छ । हामीले परम्परागत रूपमा जङ्गलमा कुटीमा बस्ने, तपस्या गर्ने, दाह्री–जुँगा–जटा पाल्ने, गेरू पहेँलो वा सेतो मात्र एकसरो वस्त्र लगाउने, निधारभरि चन्दन पोतेको तथा यज्ञ गर्ने व्यक्तिलाई नै ऋषि मान्दछौँ तर वेदमा ऋषिहरूको त्यस प्रकारको स्वरूपको मात्र वर्णन पाइँदैन । यहाँ सत्कार्यका लागि स्तुति गर्ने ब्राह्मण होस् वा राजा, व्यापारी, पशु, पक्षी, बालक, स्त्री जो कसैले पनि स्तुति गर्दछ ऊ नै ऋषि कहलिएको छ । अतः यसबाट के स्पष्ट हुन्छ भने सत्यको वृद्धि, संरक्षण तथा असत्य एवं खराब प्रवृत्तिको नाशको कामना गरी ईश्वरीय शक्तिको उपासना गर्ने नै ऋषि हो । ऋग्वेदमा भएका ऋषिहरू तथा अन्य मन्त्रमा वर्णन गरिएका ऋषिहरूको परिचय हामी अनुवाद कार्यको अन्त्यमा यथशाक्य दिने प्रयास गर्नेछौँ । सूक्तमा ऋषिहरूको वंशजका रूपमा देखाइएका नयाँ ऋषिहरू जस्तै कि वैश्वामित्र, आत्रेय, आङ्गिरस इत्यादिबाट यी नयाँ ऋषिहरू वास्तवमा वंशज नभई त्यही मूल आचार्यको नाममा भएको गुरुकुलका सामयिक आचार्य हुन् भन्ने कुरा बढी तर्कसङ्गत देखिन्छ । उही ऐतिहासिक घटनाहरू केही फरक गरी अन्य ऋषिबाट वर्णन भएकाले यो कुराको पुष्टि गर्दछ ।

३. कार्यपद्धति

छ जनाको अनुवादक मण्डल र एकजना कम्प्युटर विशेषज्ञ गरी सात जनाको संयुक्त रूपमा यो योजना परिचालन भइरहेको छ । प्रतिहप्ता ६ दिन, दिनको ७ घण्टा सामूहिक रूपमा र तत्पश्चात् मन्त्र निर्माण, अनुवाद, चिन्तन र अन्वेषण इत्यादि गृहकार्यमा अरू ४–५ घण्टा नित्य दिएर सबै सदस्यहरूले यही कार्यलाई नै आफ्नो महायज्ञ सम्झी अन्य सबै कर्तव्यहरू र सामाजिक सहभागितालाई गौण बनाएर तन्मयताका साथ काम गरिरहेका छन् । प्रायः ३०–३५ मन्त्रहरूको नित्य अनुवाद हुँदै छ र सो अनुवादित मन्त्रलाई कम्प्युटरमा टाइप गरी त्यसलाई सच्याउने काम पनि साथसाथै चलिरहेको छ । त्यसले गर्दा प्रत्येक मन्त्रको अनुवाद ३ पटकसम्म परिष्कृत गरिसकिएको छ र अब अरू एकपटक हेरेर छपाइ कार्यमा दिन तयारी अवस्थामा छ । सकेसम्म सरल भाषामा नेपाली र अङ्ग्रेजी दुवैमा एकैपटक सोझै संहिताबाट अनुवाद भएकोले दुवै रचनाहरू एक अर्कामा निर्भर छैनन् र भाषान्तरको दूषित प्रभावबाट अलग्गै रहन सकेका छन् भन्ने हाम्रो धारणा छ ।

अनुवादक मण्डलका ६ जना सदस्यहरूको आआफ्नो विषयमा योग्यता भएको हुनाले प्रत्येक शब्दको, पदको र मन्त्रको सामूहिक सर्वमान्य अर्थ पत्ता लगाउन गाह्रो परेको अवस्थामा पूर्ण रूपले छलफल तथा अनुसन्धानसमेत गर्नुपरेको हुनाले यस पुस्तकको कार्यपद्धति अनुसन्धानात्मक रहेको छ । प्रत्येक शब्दहरूलाई व्याकरणगत धातु, प्रत्यय, कोश, निर्माण प्रक्रिया आदि सबै पक्षहरू यथातथ्य रूपले केलाउँदै शब्दको अर्थ निकालिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । धातु र प्रत्यय फरक परि सन्दर्भ पनि अलग रहेको हुनाले कतिपय ठाउँमा एकै रूपमा देखिएका शब्दहरूको पनि अर्थ फरक परेको छ । संस्कृतको एउटै शब्दबाट पनि विभिन्न अर्थ निस्किने हुँदा सन्दर्भ र प्रसङ्गलाई दृष्टिगत गरी सामूहिक छलफलबाट निस्किएको उपयुक्त अर्थलाई नै समावेश गर्ने प्रयास गरिएको छ । यो कार्य केवल व्यक्तिगत नभई सामूहिक रूपमा गरिएको हुँदा सर्वमान्य र प्रामाणिक बनाउने अथक प्रयास रहेको छ ।

प्रस्तुत ग्रन्थ सौहाद्रताको परिधिभित्र रहेर व्याकरणगत नियम, वैज्ञानिक अन्वेषण र विश्लेषणात्मक पद्धति र विचारको मन्थनबाट निर्माण गरिएको हुनाले यसमा केही ठाउँमा परम्परागत मान्यता पाएका अर्थहरू पनि सच्याइएका छन् ।

सुरुमा यस कार्यका लागि धेरै विद्वान्हरूका ऋग्वेदसम्बन्धी व्याख्या र भाष्यहरूलाई दृष्टिगत गरी तत्पश्चात् मुख्य आधार ग्रन्थका रूपमा प्राचीन तथा प्रामाणिक सायण भाष्यलाई उपयुक्त मानी त्यही ग्रन्थका आधारमा मन्त्र तथा शाकल्य पदपाठलाई यस ग्रन्थमा समावेश गरिएको छ । अन्य भाषासरह संस्कृत भाषामा सिलसिलाबद्ध तरिकाबाट सोभै अर्थको उपस्थिति नहुने हुँदा गद्य रूप सहज र सरल तरिकाबाट अर्थ स्पष्ट पार्न संस्कृतका पदहरूलाई अन्वयक्रम मिलाएर अर्थ गरिएको छ । यसरी कार्य गर्दा पनि कतिपय ठाउँमा सोभै अर्थ नबुभिने अवस्थाहरू देखा परेका खण्डमा केही अत्यावश्यक शब्दहरूलाई अध्याहार गरी अर्थ सहज पार्ने कोसिस गरिएको छ । यस क्रममा अध्याहार गरिएका शब्दहरूलाई कोष्ठक बनाएर राखिएको छ । वैदिक कोषहरू, प्रातिशाख्य र पाणिनीय व्याकरणको साँचोले मन्त्रहरूको रहस्य उजागर गरी संस्कृतमा मिल्ने गरी अन्वयार्थ र त्यसपछि वाक्य संरचना गरिएको छ ।

मन्त्रलाई यसरी मिलाएर गरिएको अनुवाद वाक्य संरचनालाई सामान्य अर्थको रूपमा प्रस्तुत गरिएको छ । यसबाट जिज्ञासु पाठकहरूका लागि अर्थ बुभ्न सहज होला भन्ने विश्वास अनुवादक मण्डलको रहेको छ । वैदिक ऋचाहरूको गहन चिन्तन र अनुसन्धानबाट निस्किएको मन्त्रको सार अथवा भावलाई मन्त्रको सन्देशका रूपमा 'वेदार्थ' को संज्ञा दिई राखिएको छ । यसबाट पाठक गणका लागि मन्त्रहरूको सन्देशलाई बुभ्न विशेष सहयोग मिल्नेछ भन्ने आशा अनुवादक मण्डलले राखेको छ ।

धेरै शब्दहरूको एउटै प्रायः अर्थ भएको अवस्थामा सन्दर्भअनुसार सबभन्दा बढी उपयुक्त अर्थ गरिएको छ । साथै, केही फरक शब्दहरूलाई पटकपटक एकै सोही अर्थमा उपयोग गरिएको छ– जस्तै शतक्रतु अर्थात् सय यज्ञ गर्ने; सय कर्म गर्ने; सय सत्कार्य गर्ने; इन्द्र; सय कर्तव्य गर्ने... इत्यादि । त्यस्तै मघवन् अर्थात् धनी वा इन्द्र वा अत्यन्तै धनी; जातवेद– जन्मेका सबैलाई जान्ने अथवा सबै जान्ने अथवा सर्वद्रष्य अथवा अग्नि । त्यस्तै यज्ञ अर्थात् कर्तव्य, सत्कार्य वा पूजा वा अनुष्ठान; ऋत्विक् अर्थात् ऋतुअनुसारको यज्ञ गर्ने, यज्ञ गर्ने, कर्तव्यनिष्ठ, सत्कर्मकर्ता इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. व्याकरणको पृष्ठभूमि

व्याकरण ज्ञानविना भाषिक शुद्धता हुन कठिन हुन्छ, अझ संस्कृत भाषामा त यो असम्भवप्रायः देखिन्छ । वेदको अनुवाद गर्ने सन्दर्भमा व्याकरणको पृष्ठभूमि अत्यावश्यक भएकोले यसको सङ्क्षिप्त परिचय तल दिइन्छ ।

व्याकरणको परिभाषा

उपनिषद्पछि वेदका ६ अङ्गहरूको क्रम (१) शिक्षा, (२) कल्प, (३) व्याकरण, (४) निरुक्त, (५) छन्द र (६) ज्योतिष रहेको छ । वेदाङ्गमध्ये तेस्रो स्थान ओगट्ने व्याकरण हो । "व्याक्रियन्ते = व्युत्पाद्यन्ते शब्दा येन तद् व्याकरणम्" यस्तो विग्रहमा वि आङ् (आ) उपसर्गपूर्वक कृ धातुदेखि ल्युट् प्रत्यय र अन आदेश भएर व्याकरण शब्द बन्दछ । जसद्वारा शब्दहरू व्युत्पन्न गरिन्छन् त्यसलाई व्याकरण भनिन्छ । व्याकरणले प्रकृतिप्रत्यय आदि उपदेशद्वारा पदको स्वरूप र त्यसको अर्थ निश्चय गर्न मद्दत गर्दछ । व्याकरणको ज्ञानविना शब्दहरूको यथार्थ ज्ञान हुन सक्दैन । त्यसै कारण निम्नलिखित भनाइ प्रचलित भएको देखिन्छ–

यद्यपि बहु नाधीषे तथापि पठ पुत्र व्याकरणम् ।
स्वजनः श्वजनो माभूत् सकलं शकलं सकृच्छकृत् ॥

"हे पुत्र तिमीले धेरै अध्ययन गर्दैनौ भने पनि व्याकरण पढ किनकि– स्वजन = (आफन्त जन), श्वजन = (कुकुरजन) नहोस् । सकलम् = (सम्पूर्ण), शकलम् = (टुक्रा) र सकृत् = (एकबार), शकृत् = (विष्ठा) नहोस् ।"

पतञ्जलिले महाभाष्यमा बताएअनुसार ब्रह्माले बृहस्पतिलाई, बृहस्पतिले इन्द्रलाई, इन्द्रले भरद्वाजलाई र भरद्वाजले अन्य ऋषिहरूलाई व्याकरणशास्त्रको उपदेश गरे । "ब्रह्मा बृहस्पतये प्रोवाच, बृहस्पतिरिन्द्राय इन्द्रो भरद्वाजाय भरद्वाज ऋषिभ्य ऋषयो ब्राह्मणेभ्यः" (महाभाः १/४) । यस भनाइबाट व्याकरणका प्रथम प्रवक्ता ब्रह्मा हुन् तर पनि उनको यस विषयको ग्रन्थ उपलब्ध छैन ।

व्याकरणका भेद

सामान्यतया व्याकरण तीन प्रकारका छन् । (१) वैदिक, (२) लौकिक, (३) वैदिक र लौकिक । वैदिक– प्रातिशाख्य आदि, लौकिक–कातन्त्र व्याकरण आदि र वैदिक– लौकिक पाणिनीय व्याकरण आदि ।

वैदिकव्याकरण– वैदिक व्याकरणसँग सम्बन्धित ग्रन्थलाई प्रातिशाख्य भनिन्छ । 'शाखां शाखां प्रति प्रतिशाखम्, प्रतिशाखं भवं प्रातिशाख्यम्' यस व्युत्पत्तिअनुसार वेदका प्रत्येक शाखाका अलगअलग प्रातिशाख्य थिए भन्ने बुझिन्छ । त्यस कारण वेदका जति शाखा छन् त्यति नै व्याकरण प्रातिशाख्य हुनुपर्थ्यो तर आजकल केही मात्र प्रातिशाख्यहरू उपलब्ध छन्– (१) ऋग्वेदप्रातिशाख्य (शौनककृत), (२) वाजसनेयिप्रातिशाख्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) तैत्तिरीयप्रातिशाख्य, (४) शौनकीया चतुरध्यायिका, (५) अथर्ववेद प्रातिशाख्य, (६) ऋक्तन्त्र र (७) शुक्ल यजुर्वेदप्रातिशाख्य । यिनीहरूबाहेक चार अन्य प्रातिशाख्यहरूको पनि नाम सुनिन्छ ।

प्रातिशाख्य– विभिन्न ग्रन्थका अलगअलग प्रातिशाख्य भएको हुँदा व्याकरणजस्तो सुव्यवस्थित र क्रमबद्ध भएको पाइँदैन त्यस कारण प्रातिशाख्यलाई व्याकरण ग्रन्थ नभनेर शिक्षाकै एक स्वरूप मान्न सकिन्छ । प्रातिशाख्य ग्रन्थहरूको प्रमुख उद्देश्य आआफ्ना शाखाका संहितापाठ, पदपाठ, क्रमपाठ, जय आदि पाठलाई सुरक्षित राख्नु हो । प्रातिशाख्यमा वर्णसमाम्नाय (अक्षरहरू ध्वनि, वर्ण, स्वर, सन्धि, उदात्त, अनुदात्त स्वरित आदि स्वर र छन्द) आदिका बारेमा वर्णन गरिएको छ । प्रातिशाख्य ग्रन्थमा यद्यपि वर्णसमाम्नाय, सन्धि स्वरविचार संहितापाठ र उच्चारण आदिका नियमहरू विधान गरिएका छन् तर पनि पाणिनीय व्याकरणसमान सुस्पष्ट रूपले शब्दहरूको व्युत्पत्ति भएको पाइँदैन । त्यस कारण लौकिक र वैदिक दुवै खाले पदहरूको ज्ञान गर्न पाणिनीय व्याकरणको ज्ञान हुनु पनि अत्यन्त आवश्यक छ ।

व्याकरणशास्त्रको ज्ञान नभईकन याज्ञिक भाषाको प्रयोग गर्न, वेदार्थ बुझ्न र वैदिक मन्त्रहरूलाई सुरक्षित राख्न गाह्रो हुन्छ । त्यस कारण महाभाष्यमा "रक्षोहागमलघ्वसन्देहाः प्रयोजनम्" कात्यायनको वार्तिकमा पतञ्जलिले विस्तृत विवेचना गरेका छन् । वेदको रक्षा, ऊह, आगम, लघु, असन्देह पाँच मुख्य प्रयोजन तथा अन्य थुप्रै गौण प्रयोजन बताएका छन् ।

पाणिनीय व्याकरण

पाणिनि, कात्यायन र पतञ्जलिलाई त्रिमुनि र उनीहरूको व्याकरण त्रिमुनि व्याकरणको रूपमा प्रसिद्ध भएको देखिन्छ । पतञ्जलिले सूत्र र वार्तिकलाई आधार मानेर उदाहरणहरूसमेत देखाएर महाभाष्यको रचना गरे । धातु, काल, स्वर, व्युत्पत्ति इत्यादि व्याकरणीय नैसर्गिक आवश्यकताको सुनियोजित व्यवस्थापन र व्याख्याबाट पाणिनीय व्याकरण उत्कृष्ट कृति मानिन्छ । पाणिनीय व्याकरणका कुनै पनि चीजहरू व्यर्थ छैनन् । सबै ग्रहण गर्नुपर्छ भनेर पराशर पुराणमा वर्णन गरिएको छ–

पाणिनीयं महाशास्त्रं पदसाधुत्वलक्षणम् ।
सर्वोपकारकं ग्राह्यं कृत्स्नं त्याज्यं न किञ्चन ॥ पराशर पुराण (८/२९)

क्रिया

धातुका मूलतः सकर्मक र अकर्मक गरी दुई भेद रहेका छन्, कर्म लिनेलाई सकर्मक र कर्म नलिनेलाई अकर्मक धातु भनिन्छ । यिनीहरूका पनि तीन भेद छन्– परस्मैपदी, आत्मनेपदी र उभयपदी ।

संस्कृतमा काल तीन छन् । (१) वर्तमान, (२) भूत, (३) भविष्यत् । तीनै कालका लागि लकार शब्दको प्रयोग हुन्छ । लकार– लट्, लिट्, लुट्, लृट्, लेट्, लोट्, लङ्, लिङ्, लुङ र लृङ् १० रहेका छन् । लिङ्का दुई भेद गर्दा ११ हुन आउँछन् । यीमध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेट्को प्रयोग वेदमा मात्रै छ। त्यो लकार अभिलाषा सम्भावना, विधि, आज्ञा, प्रार्थना आदि अर्थमा हुन्छ ।

कारक

क्रियाका अतिरिक्त भाषाको अनुवादका लागि कारकको ज्ञान हुनु अत्यावश्यक हुन्छ अझ संस्कृत भाषामा त कारकको ज्ञानविना गरिएको अनुवाद पूर्ण रूपमा शुद्ध हुन सक्दैन त्यस कारण प्रस्तुत ग्रन्थमा पाणिनीय व्याकरणको आधारमा कारकका नियमलाई ख्याल गर्दै अत्यन्त सावधानीपूर्वक अन्वित पद र त्यसको अर्थ गरिएको छ । यद्यपि राम आदि शब्दहरूको प्रथमा द्वितीया आदि विभक्तिको अर्थ छुट्याउँदा ले, लाई, द्वारा आदि अर्थ गर्ने गरिन्छ त्यो अर्थ पूर्ण रूपमा अनुवादमा कारकको नियमले गर्दा लागू नहुने भएकोले अनेक विशेषण वा एक विशेषण विशेष्य भएको ठाउँमा विशेष्यदेखि मात्र वास्तविक अर्थको विभक्ति देखाइएको छ । जस्तै– 'सुन्दरम् इन्द्रं पश्य' यसको कारकको ख्याल नगरी अर्थ गर्दा 'सुन्दरलाई इन्द्रलाई हेर' यस्तो हुन्छ तर यस्तो खालको अनुवाद नगरेर 'सुन्दर इन्द्रलाई हेर' यस्ता खालका अनुवाद गरिएको छ । त्यस्तै 'रामः गां दुग्धं दोग्धि' को अर्थ 'रामले गाईलाई दुधलाई दुहुन्छ' नभएर यसको वास्तविक अर्थ– 'रामले गाईबाट दुध दुहुन्छ ।' यस्ता खालका अनुवाद प्रस्तुत ग्रन्थमा गरिएको छ । वैदिक संस्कृत भाषा अत्यन्त प्राचीन भएको हुँदा सम्पूर्ण शब्दहरूको विश्लेषण व्याकरणले पनि गरेको छैन। जेजति पाणिनीय व्याकरणले गरेको छ त्यसका आधारमा तथा निरुक्त, निघण्टु एवं अन्य विभिन्न ग्रन्थहरूको पनि यथावश्यक सहयोग लिई यहाँ व्याख्या गरिएको छ ।

वेदका शब्दमा विभक्तिको एकरूपता पाइँदैन। कतै सु, औ, जस्, आदिको विभक्तिको सु तथा लुक् (लोप) हुन्छ त कतै दीर्घ, डा, ड्या, याच्, आल् आदि प्रत्यय हुन्छन् र लैकिक शब्दहरूको समान एकै रूपमा प्रयोग देखिँदैन । यसका लागि पाणिनिको 'सुपां सुलुक' (७।१।३९) सूत्रको विशेष ख्याल गरिएको छ । यसै गरी वैदिक शब्दहरूमा सुप्‌विभक्तिबाट बनेका पदहरू र तिङ्‌विभक्तिद्वारा बनेका पदहरू र परस्मैपद आत्मनेपद, पुरुष, लिङ्ग, काल, विभक्ति, वचन आदिको व्यत्यय (एकरूपता नभएको) हुँदा त्यसका लागि 'व्यत्ययो बहुलम्' (३।१।८५) सूत्रलाई ध्यान दिइएको छ र क्रियाको कालको अनिश्चितता वैदिक प्रयोगमा हुने हुँदा 'छन्दसि लुङ्लङ्लिटः' (३।४।६) यो सूत्रको र यस्ता सि.कौ.को वैदिक प्रक्रियामा भएका र स्वर प्रक्रियामा प्रयुक्त सम्पूर्ण सूत्रको यथार्थ अध्ययनबाट निष्कर्ष निकालेर त्यस्ता शब्दहरूको पूर्ण प्रामाणिक अर्थ गरिएको छ । यीबाहेक समस्त कृदन्त, तद्धितान्त आदि शब्दहरूको राम्रोसँग चिन्तन मनन गरेर अर्थ गरिएको छ ।

५. स्वर परिचय

व्याकरणका अन्य पक्षहरूझैँ वेदमा स्वरको महत्त्व पनि अत्यन्त छ । सामान्यतया स्वर भनेका अ आ इ ई आदि २१ स्वर वर्णलाई (पा.शि.श्लो.४) भनिए तापनि अकारादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णका उदात्त आदि स्वर रहने गरेका छन् । स्वर वैदिक भाषाको प्रमुख विशेषता हो। वेदका मन्त्रहरूको शुद्ध उच्चारणका लागि र अर्थज्ञानका लागि स्वरको ज्ञान हुनु अत्यावश्यक देखिन्छ ।

वेदका मन्त्रहरूको उच्चारणमा स्वर अशुद्ध उच्चारण गर्दा कस्तो हानि हुन्छ भन्ने कुरा पाणिनीयशिक्षामा बताइएको छ कि– जो मन्त्र स्वर या वर्णद्वारा हीन हुन्छ त्यसले अशुद्ध वा अनर्थक उच्चारणले गर्दा उपयुक्त अर्थ दिन सक्दैन । अशुद्ध वाणीरूपी वज्रले यजमानलाई नै नाश गर्दछ । इन्द्रशत्रु (वृत्र) आफ्नै ऋत्विक्‌हरूले गरेको स्वरको अशुद्ध उच्चारणले गर्दा नष्ट भयो ।

मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह ।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ॥ (पा.शि.श्लो ५२)

मुख्य रूपमा स्वर उदात्त अनुदात्त स्वरित गरी तीन प्रकारका हुन्छन्– यी तीन स्वरहरू आयाम, विश्रम्भ र आक्षेपद्वारा उच्चारण गरिन्छन् भनेर ऋग्वेद प्रातिशाख्यमा वर्णन गरिएको छ ।

उदात्तश्चानुदात्तश्च स्वरितश्च त्रयः स्वराः ।
आयामविश्रम्भाक्षेपैस्त उच्यन्ते ॥ (ऋ.प्रा.३।१)

उदात्तस्वर

वायुले गर्दा उच्चारण अवयव माथि जानेलाई आयाम भनिन्छ । यसबाट उदात्त स्वर उच्चरित हुन्छ ।

अनुदात्त स्वर

वायुको कारण उच्चारण अवयव तल जानेलाई विश्रम्भ भनिन्छ यसबाट अनुदात्त स्वर उच्चारण हुन्छ ।

स्वरितस्वर

वायुले गर्दा उच्चारण अवयव तेर्सो जानेलाई स्वरित भनिन्छ । उदात्त, अनुदात्त र स्वरित गरी तीन भए पनि कहीँ सात स्वर कहीँ पाँच, कहीँ चार आदि भेद मानिएका छन् । पतञ्जलिले महाभाष्यमा ७ स्वरहरूको उल्लेख गरेका छन् । (सप्त स्वरा भवन्ति– उदात्तः, उदात्ततरः, अनुदात्तः अनुदात्ततरः स्वरितः स्वरिततरः स्वरिते य उदात्तः सोऽन्येन विशिष्टः, एकश्रुतिः सप्तमः (महाभा. सू. १।२।३३) उदात्त, उदात्ततर अनुदात्त अनुदात्तर स्वरित स्वरिततर र एकश्रुति । तीन स्वरका नै अन्य स्वर भेद रहेको हुँदा वास्तविक रूपमा स्वर तीन मान्न सकिन्छ ।

६. छन्द परिचय

छन्द ६ वेदाङ्ग मध्ये ५ औं हो । वेद मन्त्रहरूको शुद्धता र वेदका मन्त्रहरूलाई लयबद्ध गर्नका लागि छन्दशास्त्रको ज्ञान आवश्यक मानियो र छन्दशास्त्रको उत्पत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । पाणिनीय शिक्षाका अनुसार छन्दलाई वेदको खुट्टा मानिएको छ (छन्दः पादौ तु वेदस्य (पा.शि. ४ श्लो)) । जसरी खुट्टाबिना मानिस हिँडडुल गर्न सक्दैन त्यसरी नै मन्त्रहरूको स्पष्ट रूपमा लयबद्ध उच्चारण गर्न कठिन हुन्छ ।

लौकिक छन्दमा जस्तै गुरु लघुता तथा अक्षर र पाउको निश्चितता वैदिक छन्दहरूमा पाइँदैनन् । वैदिक छन्दहरू एक पाउदेखि लिएर २ पाउ ३, ४, ५, ६, ७ र आठ पाउसम्मका पनि हुन्छन् । वैदिक छन्दहरूमा पाद सङ्ख्या र अक्षर सङ्ख्या गरी दुई भेद हुन्छन् । वैदिक छन्द प्रमुख रूपमा २१ भए पनि गायत्री आदि छन्दका प्रत्येकका अनेक भेदहरू हुन्छन् ।

ऋग्वेदप्रातिशाख्यमा वैदिक छन्दलाई तीन वर्गमा विभाजन गरेर प्रमुख २१ छन्दहरू देखाइएका छन्। ऋग्वेदमा प्रयोग गरिएका गायत्री आदि छन्दहरू र मन्त्रहरूको सङ्ख्या तल प्रस्तुत गरिएको छ।

क्र.सं.	छन्दः	अक्षर सङ्ख्या	मन्त्र सङ्ख्या
१.	गायत्री	२४	२४४९
२.	उष्णिक्	२८	३९८
३.	अनुष्टुप्	३२	८५८
४.	बृहती	३६	३७१
५.	पङ्क्ति	४०	४९८
६.	त्रिष्टुप्	४४	४२५१
७.	जगती	४८	१३४६
८.	अतिजगती	५२	१७
९.	शक्वरी	५६	१९
१०.	अतिशक्वरी	६०	१०
११.	अष्टि	६४	७
१२.	अत्यष्टि	६८	८२
१३.	धृति	७२	२
१४.	अतिधृति	७६	१
१५.	द्विपदा गायत्री	१६	३
१६.	द्विपदा विराट्	२०	१३९
१७.	द्विपदा त्रिष्टुप्	२२	१४
१८.	द्विपदा जगती	२४	१
१९.	एकपदा विराट्	१०	५
२०.	एकपदा त्रिष्टुप्	११	१
जम्मा			१०४७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालखिल्य सूक्तका छन्दहरू

क्र.सं.	छन्द	अक्षर सङ्ख्या	मन्त्र सङ्ख्या
१	गायत्री	२४	७
२.	अनुष्टुप्	३२	२
३.	बृहती	३६	५६
४.	पङ्क्ति	४०	१
५.	त्रिष्टुप्	४४	७
६.	जगती	४८	७
	जम्मा		८०

ऋग्वेदमा यसरी जम्मा १०५५२ मन्त्रहरू छन् ।

प्रयोग

कतिपय अवस्थामा मन्त्रहरूमा क्रिया, विशेष्य, विशेषण, काल, लिङ्ग र वचनको एकरूपता नपाइँदा सकेसम्म पदपाठमै सीमित रहेर अन्वयार्थ गर्ने प्रयास भए तापनि केही शब्दहरूलाई अध्याहार गर्नुपरेको छ । यसो गर्दा हामीले कोष्ठको प्रयोग गरी वचन, काल, लिङ्ग इत्यादि देखाउने प्रयास गरेका छौँ । छन्दअनुसार कतिपय ठाउँमा शब्दहरू दोहोरिन गएका अथवा अपुग हुन गएका छन्- सो पनि त्यही शैलीमै यथावत् अनुवाद गरिएको छ । स्पष्टसँग र पूर्वाग्रह नराखी गरिएको विश्लेषण विद्वान् पाठकवर्गसमक्ष यथावत् राखिएको छ ।

७. अन्य

वेदका अनेकौं कुराहरू तथ्य एवं प्रमाणको अभावमा विवादित नै रहेका छन् । ती सबै विषयमा पाठकले यस अनुवाद कार्यको अध्ययन गरेर स्वयं विचार गर्नुहुनेछ किनकि हामीले प्रस्तुत अनुवादमा यथाशक्य जस्ताको तस्तै अर्थ निकाल्ने प्रयत्न गरेका छौं। यथार्थ अध्ययनबाट वास्तविक तथ्य पत्ता लगाउन पाठकलाई सुविधा हुनेछ ।

अन्त्यमा

परिशिष्टमा देखाइएका सन्दर्भ पुस्तकबाट धेरै सहयोग लिइएको छ । वेदलाई साधारणतया ज्ञानको खानी भनिन्छ । खानीबाट हीरा खन्दा सामान्य धुलो, माटो र चट्टान पनि निस्कन्छन् र हीरालाई चिन्न पनि सक्नुपर्दछ । त्यसैले हाम्रो यो प्रयास संयुक्त प्रयास हो । हामीले हीरारूपी प्रत्येक मन्त्रको पहिचान गर्ने प्रयास गरेका छौं तैपनि कतै त्रुटि भएको हुन सक्तछ । यस नमुना पुस्तिकाको अवलोकन गरी विज्ञ अग्रजहरूले दिनुभएको सुझावलाई सकेसम्म आत्मसात् गर्नेछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम मण्डल, सूक्त – १, मन्त्र सङ्ख्या १–९

ऋषि – मधुच्छन्दा वैश्वामित्र। **देवता** – अग्नि। **छन्द** – गायत्री

१. ॐ अग्निमीळेपुरोहितंयज्ञस्यदेवमृत्विजम्। होतारंरत्नधातमम् ॥१॥

अग्निम्। ईळे। पुरःऽहितम्। यज्ञस्य। देवम्। ऋत्विजम्। होतारम्। रत्नऽधातमम् ॥१॥

अन्वित पद र अर्थ ☞ **यज्ञस्य** = यज्ञका; **पुरोहितम्** = अग्रणी; **ऋत्विजम्** = ऋतुअनुसार यज्ञ गर्ने; **होतारम्** = (देवतालाई) आह्वान गर्ने; **रत्नधातमम्** = अत्यन्त श्रेष्ठ धन दिने; **अग्निम्** = अग्नि; **देवम्** = देवलाई; **(अहम्** = म); **ईळे** = स्तुति गर्दछु।

सामान्य अर्थ ☞ यज्ञका अग्रणी, ऋतुअनुसार यज्ञ गर्ने, देवताहरूलाई आह्वान गर्ने अत्यन्त श्रेष्ठ धन दिने अग्निदेवलाई म स्तुति गर्दछु।

वेदार्थ ☞ अग्निको स्तुति गर किनकि अग्नि नै सबै सत्कार्यमा मार्गदर्शक हुन् र उनकै कृपाबाट सम्पूर्ण देवताहरू र उत्कृष्ट धन प्राप्त हुन्छन्।

२. अग्निःपूर्वेभिर्ऋषिभिरीड्योनूतनैरुत। सदेवाँएहवक्षति ॥२॥

अग्निः। पूर्वेभिः। ऋषिऽभिः। ईड्यः। नूतनैः। उत। सः। देवान्। आ। इह। वक्षति ॥ २ ॥

अन्वित पद र अर्थ ☞ **पूर्वेभिः** = प्राचीन; **उत** = तथा; **नूतनैः** = नवीन; **ऋषिभिः** = ऋषिहरूद्वारा; **ईड्यः** = स्तुति गरिएका; **सः** = ती; **अग्निः** = अग्निले; **देवान्** = देवताहरूलाई; **इह** = यहाँ; **आ वक्षति** = बोलाऊन्।

सामान्य अर्थ ☞ प्राचीन तथा नवीन ऋषिहरूद्वारा स्तुति गरिएका ती अग्निले देवताहरूलाई यहाँ बोलाऊन्।

वेदार्थ ☞ ऋषिपरम्परामा अविच्छिन्न रूपले पूज्य भएका अग्निदेवले यज्ञमा देवताहरूलाई बोलाउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. अग्निनांरयिमंश्नवत्पोषंमेवदिवेदिंवे। यशसंवीरवंत्तमम् ॥३॥

अग्निना। रयिम्। अश्नवत्। पोषम्। एव। दिवेऽदिवे। यशसम्। वीरवत्ऽतमम् ॥३॥

अन्वित पद र अर्थ ☞ **(यजमानः** = यजमानले); **पोषम्** = पुष्टिकारक; **यशसम्** = यशस्कर; **वीरवत्तमम्** = श्रेष्ठ वीर (सन्तति) सहित; **रयिम्** = धन; **अग्निना एव** = अग्निद्वारा नै; **दिवेदिवे** = प्रत्येक दिन; **अश्नवत्** = प्राप्त गर्दछ।

सामान्य अर्थ ☞ यजमानले पुष्टिकारक, यशस्कर, श्रेष्ठ वीर सन्ततिसहित धन अग्निद्वारा नै प्रत्येक दिन प्राप्त गर्दछ।

वेदार्थ ☞ अग्निका उपासकले शाश्वत, पोषक एवं यशस्कर धन प्रतिदिन प्राप्त गर्दछन्।

४. अग्नेयंयज्ञमंध्वरंविश्वतःपरिभूरसिं। सइद्देवेषुंगच्छति ॥४॥

अग्ने। यम्। यज्ञम्। अध्वरम्। विश्वतः। परिऽभूः। असि। सः। इत्। देवेषु। गच्छति ॥४॥

अन्वित पद र अर्थ ☞ **अग्ने** = हे अग्नि !; **(त्वम्** = तिमी); **यम्** = जुन; **अध्वरम्** = दोषरहित; **यज्ञम्** = यज्ञलाई; **विश्वतः** = सबैतिरबाट; **परिभूः** = घेरिरहेका; **असि** = छौ; **सः** = त्यो; **इत्** = नै; **देवेषु** = देवताहरूमा; **गच्छति** = जान्छ।

सामान्य अर्थ : हे अग्नि ! तिमी जुन दोषरहित यज्ञलाई सबैतिरबाट घेरिरहेका छौ, त्यो (दोषरहित यज्ञ) नै देवताहरूका लागि प्राप्त हुन्छ।

वेदार्थ : अग्निद्वारा संरक्षित शुद्ध उपासना नै देवताहरूमा प्राप्त हुन्छ।

५. अग्निर्होताकविक्रंतुःसत्यश्चित्रश्रंवस्तमः। देवोदेवेभिरागंमत् ॥५॥

अग्निः। होता। कविऽक्रतुः। सत्यः। चित्रश्रवःऽतमः। देवः। देवेभिः। आ। गमत् ॥५॥

अन्वित पद र अर्थ ☞ **होता** = आह्वानकर्ता; **कविक्रतुः** = ज्ञानीहरूको जस्तै बुद्धि भएका; **सत्यः** = सत्यस्वरूप; **चित्रश्रवस्तमः** = अत्यन्तै विचित्र कीर्ति भएका; **अग्निः** = अग्नि; **देवः** = देवता; **देवेभिः(सह)** = देवताहरूसँगै; **(अत्र** = यहाँ); **आ गमत्** = आऊन्।

सामान्य अर्थ ☞ आह्वानकर्ता, ज्ञानीहरूको जस्तै उत्कृष्ट बुद्धि भएका, सत्यस्वरूप, अत्यन्तै विचित्र कीर्ति भएका अग्निदेव देवताहरूसँगै यहाँ आऊन्।

वेदार्थ ☞ अग्निका उपासकले उत्कृष्ट ज्ञान, कर्म, सत्स्वरूप, कीर्तिजस्ता दैवी गुण प्राप्त गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. यदङ्गदाशुषेत्वमग्नेभद्रंकरिष्यसि। तवेत्तत्सत्यमङ्गिरः ॥६॥

यत्। अङ्ग। दाशुषे। त्वम्। अग्ने। भद्रम्। करिष्यसि। तव। इत्। तत्। सत्यम्। अङ्गिरः ॥६॥

अन्वित पद र अर्थ ☞ **अङ्ग अङ्गिरः** = हे अङ्गिर नामक !; **अग्ने** = अग्नि !; **त्वम्** = तिमी; **दाशुषे** = दिने व्यक्तिका लागि; **यत्** = जो; **भद्रम्** = कल्याण; **करिष्यसि** = गर्छौ; **तव** = तिम्रो; **तत्** = त्यो; **इत्** = निश्चय नै; **सत्यम्** = साँचो; **(अस्ति** = हो)।

सामान्य अर्थ ☞ हे अङ्गिर नामका अग्नि ! तिमी (हविष्य) दिनेका लागि जुन कल्याण गर्दछौ, तिम्रो त्यो (कल्याणकारिता) निश्चय नै साँचो हो।

वेदार्थ ☞ अग्निले दानशीलहरूका लागि गरेको कल्याणकारिता अटल सत्य छ।

७. उपत्वाग्नेदिवेदिवेदोषावस्तर्धियावयम्। नमोभरन्तएमसि ॥७॥

उप। त्वा। अग्ने। दिवेऽदिवे। दोषाऽवस्तः। धिया। वयम्। नमः। भरन्तः। आ। इमसि ॥७॥

अन्वित पद र अर्थ ☞ **अग्ने** = हे अग्नि !; **वयम्** = हामी; **दिवेदिवे** = प्रतिदिन; **दोषावस्तः** = रात-दिन; **धिया** = श्रद्धाले; **नमः** = नमस्कार; **भरन्तः** = गर्दै; **त्वा** = तिम्रो; **उप आ इमसि** = नजिक आउँदछौँ।

सामान्य अर्थ ☞ हे अग्नि ! हामी हरेक दिन, रात-दिन, श्रद्धापूर्वक नमस्कार गर्दै तिम्रो नजिकमा आउँदछौँ।

वेदार्थ ☞ उपासकहरू प्रत्येक दिन-रात बुद्धि तथा भक्तिपूर्वक नमस्कार गर्दै अग्निदेवको नजिक रहन्छन्।

८. राजन्तमध्वराणांगोपामृतस्यदीदिविम्। वर्धमानंस्वेदमे ॥८॥

राजन्तम्। अध्वराणाम्। गोपाम्। ऋतस्य। दीदिविम्। वर्धमानम्। स्वे। दमे ॥८॥

अन्वित पद र अर्थ ☞ **अध्वराणाम्** = दोषरहित यज्ञहरूलाई; **गोपाम्** = रक्षा गर्ने; **ऋतस्य** = सत्यका; **दीदिविम्** = अत्यन्त प्रकाशक; **स्वे** = आफ्ना; **दमे** = घरमा; **वर्धमानम्** = बढिरहने; **राजन्तम्** = प्रकाशयुक्त; **(अग्निम्** = अग्निलाई); **(वयम्** = हामी); **(प्रणमामः** = नमस्कार गर्दछौँ)।

सामान्य अर्थ ☞ दोषरहित यज्ञहरूलाई रक्षा गर्ने, सत्यका अतिशय प्रकाशक, आफ्ना स्थानमा (यज्ञशालामा), बढिरहने अग्निलाई हामी नमस्कार गर्दछौँ।

वेदार्थ ☞ आफ्ना सत्कर्महरूलाई रक्षा गर्ने अग्निलाई उपासकले प्रणाम गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. सनःपितेवसूनवेग्नेसूपायनोभव। सचस्वानःस्वस्तयें ॥९॥

सः। नः। पिताऽइव। सूनवे। अग्ने। सुऽउपायनः। भव। सचस्व। नः। स्वस्तये ॥९॥

अन्वित पद र अर्थ ☞ **अग्ने** = हे अग्नि; **सः** = ती; **(त्वम्** = तिमी); **नः** = हाम्रा लागि; **सूनवे** = पुत्रका लागि; **पितेव** = पिताजस्तै; **सूपायनः** = सजिलै प्राप्य; **भव** = होऊ; **नः** = हाम्रो; **स्वस्तये** = कल्याणका लागि; **सचस्व** = सहयोगी बन।

सामान्य अर्थ ☞ हे अग्नि ! तिमी हाम्रा लागि सन्ततिका लागि पिताझैँ सुप्राप्य होऊ र हाम्रो कल्याणका लागि सहयोगी बन।

वेदार्थ ☞ सन्तानका लागि मातापिताझैँ हामी उपासकको कल्याणका लागि अग्नि सुलभ-सहयोगी हुन्छन्।

प्रथम मण्डल, सूक्त - ८९, मन्त्र सङ्ख्या ९६९ - ९७७

ऋषि - गोतम राहूगण। **देवता** - विश्वेदेवा। **छन्द** - जगती, ६-विराट्, ८-९-त्रिष्टुप

९६९. आनोभद्राःक्रतवोयन्तुविश्वतोदब्धासोअपरीतासउद्भिदः।
देवानोयथासदमिद्वृधेअसन्नप्रायुवोरक्षितारोदिवेदिवे ॥१॥

आ। नः। भद्राः। क्रतवः। यन्तु। विश्वतः। अदब्धासः। अपरिऽइतासः। उत्ऽभिदः। देवाः।
नः। यथा। सदम्। इत्। वृधे। असन्। अप्रऽआयुवः। रक्षितारः। दिवेऽदिवे ॥१॥

अन्वित पद र अर्थ ☞ **भद्राः** = कल्याणकारक; **अदब्धासः** = नदब्ने; **अपरीतासः** = पराजित नहुने; **उद्भिदः** = (शत्रुलाई) राम्ररी नाश गर्ने; **क्रतवः** = शुभकर्महरू; **विश्वतः** = सबैतिरबाट; **नः** = हाम्रो लागि; **आ यन्तु** = आऊन्; **अप्रायुवः** = आलस्यरहित; **दिवेदिवे** = दिन-दिनै; **रक्षितारः** = रक्षा गर्ने; **देवाः** = देवताहरू; **सदम् इत्** = सधैँ नै; **नः** = हाम्रो; **यथा वृधे** = आवश्यक वस्तुको वृद्धिका लागि; **असन्** = होऊन्।

सामान्य अर्थ ☞ कल्याणकारक, नदब्ने, पराजित नहुने, शत्रुलाई राम्ररी नाश गर्ने, शुभकर्महरू सबैतिरबाट हाम्रो लागि आऊन् (हामीले पनि गर्न सकौँ)। आलस्यरहित, दिन-दिनै रक्षा गर्ने देवताहरू सधैँ नै हाम्रो आवश्यक वस्तुको वृद्धिका लागि होऊन्।

वेदार्थ ☞ संसारको कल्याण र उन्नतिका लागि देवगणबाट प्रेरणा पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९७०. देवानांभद्रासुमतिर्ऋजूयतांदेवानांरातिरभिनोनिवर्तताम्।
देवानांसख्यमुपसेदिमावयंदेवानआयुःप्रतिरन्तुजीवसे ॥२॥

देवानाम्। भद्रा। सुऽमतिः। ऋजुऽयताम्। देवानाम्। रातिः। अभि। नः। नि। वर्तताम्।
देवानाम्। सख्यम्। उप। सेदिम। वयम्। देवाः। नः। आयुः। प्र। तिरन्तु। जीवसे ॥२॥

अन्वित पद र अर्थ ☞ **ऋजूयताम्** = सरलता चाहने; **देवानाम्** = देवताहरूको; **भद्राः** = कल्याणकारी; **सुमतिः** = सद्बुद्धि; **च** = र; **देवानाम्** = देवताहरूको; **रातिः** = दान (पनि); **नः** = हाम्रा लागि; **अभि** = जताततै (बाट); **नि वर्तताम्** = आओस्; **वयम्** = हामी; **देवानाम्** = देवताहरूको; **सख्यम्** = मित्रतालाई; **उप सेदिम** = प्राप्त गरौँ; **जीवसे** = बाँच्नका लागि; **नः** = हाम्रो; **आयुः** = आयु; **देवाः** = देवताहरूले; **प्र तिरन्तु** = बढाऊन्।

सामान्य अर्थ ☞ सरलता चाहने देवताहरूको कल्याणकारी सद्बुद्धि र देवताहरूको दान पनि हाम्रा लागि जताततैबाट आओस्। हामी देवताहरूको मित्रतालाई प्राप्त गरौँ। बाँच्नको लागि हाम्रो आयु देवताहरूले बढाऊन्।

वेदार्थ ☞ सरल स्वभावले कर्तव्य पूरा गर्ने उपासकलाई जीवनमा ज्ञान, धन, मित्रता र दीर्घ आयु प्राप्त हुन्छ।

९७१. तान्पूर्वयानिविदाहूमहेवयंभगंमित्रमदितिंदक्षमस्रिधम्।
अर्यमणंवरुणंसोममश्विनाकसरस्वतीनःसुभगामयस्करत् ॥३॥

तान्। पूर्वया। निऽविदा। हूमहे। वयम्। भगम्। मित्रम्। अदितिम्। दक्षम्। अस्रिधम्।
अर्यमणम्। वरुणम्। सोमम्। अश्विना। सरस्वती। नः। सुऽभगा। मयः। करत् ॥३॥

अन्वित पद र अर्थ ☞ **वयम्** = हामी; **पूर्वया** = प्राचीन; **निविदा** = मन्त्रद्वारा; **भगम्** = भग; **मित्रम्** = मित्र; **अदितिम्** = अदिति; **दक्षम्** = दक्ष; **अस्रिधम्** = मरुद्गण; **अर्यमणम्** = अर्यमा; **वरुणम्** = वरुण; **सोमम्** = सोम; **अश्विना (अश्विनौ)** = अश्विनीकुमारहरू; **तान् (एतान्)** = यी (देवताहरू)लाई; **हूमहे** = बोलाउँदछौँ; **(एभिः सह** = यी देवताहरूसँगै); **सुभगा** = सौभाग्यशाली; **सरस्वती** = सरस्वतीले; **नः** = हाम्रा लागि; **मयः** = सुख; **करत्** = (प्रदान) गरून्।

सामान्य अर्थ ☞ हामीहरू प्राचीन मन्त्रद्वारा भग, मित्र, अदिति, दक्ष, मरुद्गण, अर्यमा, वरुण, सोम, अश्विनीकुमार यी देवताहरूलाई बोलाउँछौँ। यिनीहरूसँगै सौभाग्यशाली सरस्वतीले हाम्रा लागि सुख प्रदान गरून्।

वेदार्थ ☞ शक्ति प्राप्तिका लागि अरू धेरै देवताको ज्ञान र सुख प्राप्तिका लागि सरस्वतीको मात्र स्तुति गरे हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९७२. तन्नोवातोमयोभुवातुभेषजंतन्मातापृथिवीतत्पिताद्यौः ।
